**Humanities and Social Sciences Journal**
2024; Volume 16, Numbers 1-2: 147-155
https://rrlc.tu.edu.np
doi: https://doi.org/10.3126/hssj.v16i1-2.87411
ISSN: 2594-3065 (Print); ISSN: 3021-9744 (Online)

Tribhuvan University,
Ratna Rajyalaxmi Campus,
Research & Educational
Development Project
Management Committee (RMC)

# काव्यशास्त्रीय दृष्टिमा मोतीरामको *कवि भानुभक्तको जीवनचरित्र*

**डा. विनोद कार्की**
उपप्राध्यापक, नेपाली
नेपाली विभाग, रत्न राज्यलक्ष्मी क्याम्पस, त्रि.वि., नेपाल
Email: binodmanjan@gmail.com

**To cite this article:** कार्की Karki व .B. (2024). काव्यशास्त्रीय दृष्टिमा मोतीरामको कवि भानुभक्तको जीवनचरित्र. *Humanities and Social Sciences Journal*, *16*(1-2), 147–155. https://doi.org/10.3126/hssj.v16i1-2.87411

**Received:** January 15, 2025; **Accepted:** November 7, 2025; **Published:** December 14, 2025

## लेखसार

प्रस्तुत लेखमा मोतीराम भट्टको *कवि भानुभक्तको जीवनचरित्र* समालोचना कृतिमा संस्कृत काव्यशास्त्रको प्रयोगका सन्दर्भलाई केन्द्रमा राखेर विवेचना गरिएको छ । कृतिमा प्रयोग भएका संस्कृत काव्यशास्त्रीय मान्यताहरू मूलतः आन्तरिक आनन्द दिने रस र बाह्य आकर्षण प्रदान गर्ने अलङ्कारका धरातलमा विवेचना गरिएको छ । त्यसका लागि *कवि भानुभक्तको जीवनचरित्र* कृतिलाई प्राथमिक र यस कृतिसँग सम्बन्धित समालोचनात्मक सामग्रीलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । विवेचनाका क्रममा सामग्री सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ भने प्राप्त तथ्यहरूको विवेचना विश्लेषणात्मक विधिबाट गरिएको छ । यसले काव्यशास्त्रीय आधारमा गरिएका समालोचनामा त्यसको प्रयोग सन्दर्भलाई बुझ्न सहयोग पुर्‍याउँछ । समालोचना कृतिमा रहेका ‘कवि भानुभक्ताचार्यको जीवनचरित्र’ र ‘कवि भानुभक्ताचार्यको कविता शक्ति, स्वभाव इत्यादि वर्णन्’ दुई शीर्षकका समालोचनात्मक अभिव्यक्तिलाई भट्टले भानुभक्तको कवित्वको विवेचना गर्दा विभिन्न ठाउँमा रस सिद्धान्तको आधार लिइएको, रसप्रति सचेत रहेको र रस सिद्धान्तलाई आत्मसात् गरेको, अलङ्कारको आड लिएको, सहज कविमा अलङ्कारको अर्थ र शब्दको सम्बन्ध सहज अभिव्यक्त हुने उल्लेख गरेर अलङ्कारलाई आधार मानिएको छ । भट्टको समालोचनामा संस्कृत काव्यशास्त्रका आन्तरिक आनन्द प्रदान गर्ने रस र बाह्य आकर्षणका साथै भावको समेत अभिव्यक्ति दिने अलङ्कारका आधारमा कवित्वको विश्लेषण गरिएकाले भानुभक्त शास्त्रीय दृष्टिले पनि श्रेष्ठ कवि हुन् र मोतीराम शास्त्रीय प्रयोगका दृष्टिले सन्तुलित समालोचक हुन् भन्ने निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी :* अलङ्कार, काव्यशास्त्र, कृत्रिम कवि, रस, सहज कवि

## विषयपरिचय

जुन शास्त्रद्वारा सृजनाको सौन्दर्य पारख गरिन्छ त्यसैलाई काव्यशास्त्र भनिन्छ । काव्यशास्त्रीय प्रभाव सर्जक र समालोचक दुवैमा पर्छ । संस्कृत काव्यशास्त्रको प्रयोग साहित्य सृजना र समालोचनामा गहिरो गरेर परेको देखिन्छ । साहित्य सृजनामा भन्दा पनि समालोचनामा शास्त्रीय ज्ञानको आवश्यकता बढी पर्दछ । संस्कृत काव्यशास्त्रको मूल स्रोत वेद हो । वेदलाई वैदिक वाङ्मय समान मानिन्छ । ऋग्वेदमा उपमा, रूपक, अतिशयोक्ति, अर्थान्तरन्यास अलङ्कार र शृङ्गाररसका दृष्टान्तहरू प्राप्त हुन्छन् (सहाय, सन् २००२, पृ. १२९) । संस्कृत काव्यशास्त्रीय मान्यताको विकासका क्रममा विभिन्न वादहरूको जन्म भएको देखिन्छ । यस्ता वादहरूको निर्माणमा आचार्यहरूले समयसमयमा नेतृत्व प्रदान गरेका छन् । आरम्भका दिनमा काव्यशास्त्रलाई नाटकका अङ्गका रूपमा लिइएको पाइन्छ । पछिल्लो समयमा स्वतन्त्र शास्त्रका रूपमा विकास भएको भेटिन्छ । संस्कृत काव्यशास्त्रको परम्परा भरतदेखि विश्वनाथसम्म अक्षुण्ण रहेको छ र प्रसिद्ध सिद्धान्तका रूपमा रसवाद, अलङ्कारवाद, रीतिवाद, ध्वनिवाद, वक्रोक्तिवाद एवम् औचित्यवादको स्थापना भएको पाइन्छ (सहाय, सन् २००२, पृ. १३०) । यी संस्कृत काव्यशास्त्रीय मान्यताहरूले समालोचना जगत्लाई प्रभावकारी बनाउन सैद्धान्तिक आधार प्रदान गरेका छन् ।

संस्कृत काव्यशास्त्रको विकासको गति अगाडि बढ्ने क्रममा वैदिक र लौकिक चरणहरू भेटिन्छन् । संस्कृत साहित्यको ऐतिहासिक विकासक्रमलाई मूलतः वैदिक संस्कृत युग र लौकिक संस्कृत युग गरेर विभाजन गरिएको पाइन्छ (शर्मा, २०५६, पृ. ४) । साहित्यसृजनापछि मात्रै समालोचना हुने हुनाले समालोचना सृजनाभन्दा पछाडि हुनु स्वाभाविक देखिन्छ । नेपाली समालोचनाको विकासमा आरम्भदेखि नै संस्कृत काव्यशास्त्रको प्रभाव परेको पाइन्छ । नेपाली समालोचनामा सबैभन्दा बढी अलङ्कारवाद र रसवादको उपयोग भएको पाइन्छ ।

नेपाली साहित्यिक पत्रकारिता, मुद्रण जस्ता भाषिक उन्नयन कार्यमा योगदान गर्ने मोतीराम भट्ट (१९२३-१९५३) बहुप्रतिभाशाली विभूति हुन् । उनको गीत, गजल, नाटक, समालोचनामा कलम चलेको छ । संस्कृत चिन्तनको समेत ज्ञान भएका मोतीराम भट्टको कवि, गीतकार, गजलकार, नाटककार मुख्य व्यक्तित्व स्थापित छ । उनमा खोज अनुसन्धानको समालोचकीय व्यक्तित्व पनि पाइन्छ । उनले शृङ्गार र भक्तिभावलाई स्वीकार गरेर गजल लेखेका छन् । बहुमुखी प्रतिभाका धनी भट्ट नेपाली साहित्यमा एउटा महत्त्वपूर्ण अध्याय हुन् । उनका प्रकाशित कृति *मनोद्वेग प्रवाह (कवितासङ्ग्रह, १९४२), गजेन्द्रमोक्ष (काव्य, १९४४), पञ्चक प्रपञ्च (काव्य, १९४४), गफाष्टक (हास्यकवितासङ्ग्रह), प्रह्लादभक्ति कथा (काव्य, १९४३), प्रियदर्शिका (नाटक, १९५४), सङ्गीत चन्द्रोदय (गजलसङ्ग्रह), उषाचरित्र (काव्य, १९४४), पिकदूत (काव्य, १९४५), कमल भ्रमर संवाद (काव्य), कवि भानुभक्तको जीवनचरित्र (समालोचना, १९४८), भानुभक्तीय रामायण (सम्पादित, १९४४), कवि समूह वर्णनम् (१९४३), श्लोकसङ्ग्रह (१९४८), कविताको सराजाम* आदि छन् । समालोचनाले गुण र दोषलाई केलाएर सर्जकलाई सचेत पार्ने र पाठकलाई सहज बनाइदिने कार्य एकै पटक गर्दछ । समालोचना सृजनामाथिको सृजना हो भन्ने कुरामा विद्वान्हरूको एकमत देखिन्छ ।

संस्कृत काव्यशास्त्रले नेपाली समालोचना जगत्लाई विकसित तुल्याउनका लागि मार्गदर्शन गरेको देखिन्छ । समालोचनामा ज्ञानका साथै विवेकको प्रयोग गरिन्छ । *कवि भानुभक्तको जीवनचरित्र* कृतिमा काव्यशास्त्रको प्रयोग कसरी भएको छ भनेर विवेचना गरिएको यस लेखले काव्यशास्त्रीय प्रयोगबारे जानकारी उपलब्ध गराउँछ । समालोचना अगाडि बढाउने क्रममा मोतीराम भट्टले पहिलो खण्डमा भानुभक्तको जीवनी उल्लेख गरेका छन् भने दोस्रो खण्डमा कवित्वको विश्लेषण गरेका छन् जसमा रस र अलङ्कारको आधार लिइएकाले यो विश्लेषण त्यसैमा केन्द्रित छ । यस कृतिले नेपाली समालोचनाको जग

बसाल्न विशेष भूमिका निर्वाह गरेको छ । यस कारण प्रस्तुत समालोचना रस र अलङ्कारको प्रयोगका दृष्टिले विश्लेष्य छ । प्रस्तुत समालोचनाको काव्यशास्त्रीय मान्यतालाई प्रधान (सन् १९५२), पाण्डेय (१९९५), भट्टराई, शर्मा (२०४९) जस्ता अध्ययनमा महत्त्व दिइएको भए तापनि रस र अलङ्कारका आधारमा र समालोचनाकै समालोचनाका रूपमा विश्लेषण भएको देखिँदैन । प्रस्तुत लेख *कवि भानुभक्तको जीवनचरित्र* समालोचना कृतिमा संस्कृत काव्यशास्त्रको प्रयोग के कस्तो छ र त्यसको आधार के कसरी लिइएको छ भन्ने समस्यामा आधारित रहेको छ । त्यसैले प्रस्तुत लेखमा संस्कृत काव्यशास्त्रको प्रयोगलाई देखाउने अभिप्रायले विश्लेषण गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत लेखमा मोतीराम भट्टद्वारा लिखित *कवि भानुभक्तको जीवनचरित्र* समालोचना कृतिलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ । यसको अध्ययन संस्कृत काव्यशास्त्रका रसवाद र अलङ्कारवादका स्थापित सिद्धान्तका आधारमा गरिएको हुनाले द्वितीयक सामग्रीका रूपमा उक्त काव्यशास्त्रीय मान्यतासँग सम्बद्ध सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यद्वारा गरिएको छ । यस अध्ययनमा आवश्यक सैद्धान्तिक पर्याधारको निर्माण र परीक्षणीय सामग्रीको सङ्कलनपश्चात् त्यसको विवेचना विश्लेषणात्मक विधिबाट गरिएको छ ।

## सैद्धान्तिक आधार

नेपाली समालोचना परम्पराको विकास प्रक्रियालाई केलाउँदा नेपाली समालोचना परम्परामा संस्कृत काव्यशास्त्रको प्रभाव विशेष रूपले परेको देखिन्छ । संस्कृत काव्यशास्त्रको विकास एउटा चिन्तन शृङ्खलामा भएको हुनाले यसको ज्ञान हासिल गर्नेहरू भेटिन्छन् । त्यही ज्ञानको प्रयोग गरेर समालोचनाको परम्परा अगाडि बढेको पाइन्छ । काव्यशास्त्रमा आधारित समालोचनाले सृजनालाई सौन्दर्ययुक्त बनाउन र उपयोगी बनाउन उच्चस्तरीय भूमिका निर्वाह गरेको देखिन्छ । त्यसैले यहाँ नेपाली समालोचनामा संस्कृत काव्यशास्त्रको प्रभाव परेका प्रायोगिक समालोचनात्मक कृतिहरूको विवेचना गरिएको छ ।

रसलाई सर्वप्राचीन बहुमान्य सिद्धान्तका रूपमा लिइन्छ । भरतले रसको महत्त्वलाई स्थापित गर्नका लागि नाट्यशास्त्रमार्फत विशिष्ट योगदान गरेका छन् । संस्कृत काव्यशास्त्रको आरम्भ मात्र भरतले गरेनन्, यसलाई समृद्ध पार्ने कार्यसमेत गरेको पाइन्छ । साहित्यिक रचनाबाट प्राप्त हुने आनन्द नै रस हो (काणे, सन् २०१५, पृ. ४८-५१) । संस्कृत काव्यशास्त्रको एउटा महत्त्वपूर्ण वादका रूपमा रस रहेको छ । संस्कृत काव्यशास्त्रीय परम्परामा समृद्ध साहित्य चिन्तनमध्ये एक स्थापित तथा विकसित रसवादका प्रभाव नेपाली समालोचनामा विशेष रूपले परेको देखिन्छ । नेपाली समालोचना परम्परामा रसवादको प्रायोगिक प्रभावबारे विभिन्न उपशीर्षकहरूमा विश्लेषण गरिएको छ ।

अलङ्कार अभिव्यक्तिको विशेष तरिका भएकाले काव्यको सौन्दर्य वृद्धि गर्न विशेष भूमिका रहन्छ । शिल्पवादी वा रूपवादी सम्प्रदायमा पर्ने अलङ्कारको सिधा सम्बन्ध कला वा भाषाशैलीसँग सम्बन्धित रहे पनि यसले भावपक्षलाई समेत उत्कर्षमा पुऱ्याउँछ । भामहले आरम्भ गरेको अलङ्कारका पक्षमा उनीपछिका दण्डी, उद्भट, रुद्रट, अप्पय दीक्षित, जयदेव, भोजराज आदि आचार्यहरूले योगदान पुऱ्याएका छन् र साहित्यमा अलङ्कारको भूमिकाको महत्त्व दर्साएका छन् । संस्कृत काव्यशास्त्रीय परम्परामा समृद्ध साहित्य चिन्तनका रूपमा स्थापित तथा विकसित अलङ्कार चिन्तनका प्रयोग नेपाली समालोचनामा परेको देखिन्छ । नेपाली समालोचनामा अलङ्कारवादको प्रायोगिक प्रभावबारे तलका विभिन्न शीर्षकहरूमा विवेचना गरिएको छ ।

## विमर्श तथा नतिजा

यस लेखमा मोतीराम भट्टको *कवि भानुभक्तको जीवनचरित्र* कृतिमा प्रयोग भएका संस्कृत काव्यशास्त्रको रस र अलङ्कारको प्रयोग पहिल्याउने अभिप्रायले संस्कृत काव्यशास्त्रीय मान्यतालाई आधार बनाइएको छ । मोतीराम भट्टको समालोचनामा प्रयोग भएका रस संस्कृत तथा अलङ्कारलाई तथा काव्यशास्त्रीय रसवाद र अलङ्कारवादका मान्यताहरूका आधारमा विवेचना र निरूपण गरिएको छ ।

### समालोचकका रूपमा मोतीराम भट्ट

नेपाली समालोचनाको प्रारम्भ मोतीराम भट्टद्वारा लिखित *कवि भानुभक्तको जीवनचरित्र*बाट भएको मानिन्छ । अनुसन्धानात्मक समालोचनाको आरम्भ गर्ने पनि मोतीराम भट्ट नै हुन् । उनलाई आदि समालोचक भनिन्छ । मोतीराम भट्टका समालोचनामा अनुसन्धानपरक समालोचनाका बीज पाइने हुनाले उनी खोज अनुसन्धानपरक समालोचनाका आरम्भकर्ता हुन् (थेगिम, सन् १९९२, पृ. १४४) । समालोचनालाई अगाडि बढाउनका लागि मोतीरामले व्यक्तिगत र समूहगत दुवै खाले योगदान गरेका छन् ।

*कवि भानुभक्तको जीवनचरित्र* कृतिको नाम सुन्दा जीवनीपरक जस्तो भए तापनि यसमा आलोचनाका पक्षहरू पाइन्छन् । यस पुस्तकमा जीवनीबाहेक आत्म संस्कारवादी पाराले आलोच्य कवि र काव्यको विवेचना पनि गरिएको हुँदा कृतिमा प्रभाववादी आलोचनाका केही टड्कारा झिल्काहरू देखा पर्दछन् (श्रेष्ठ र शर्मा, २०४०, पृ. १८४) । भानुभक्तका समकालीनहरूको समेत मूल्याङ्कन गरेर त्यसैका सापेक्षतामा भानुभक्तको मूल्याङ्कन गरिएको छ । भानुभक्तका भाषिक विशेषता, कला सौन्दर्य, अभिव्यक्ति, भाव प्रस्तुतीकरण, मौलिकता र प्रतिभाको परिचय पाठकलाई गराउन लेखिएको यो पुस्तक जीवनी मात्रै नभई समालोचनाको पनि पुस्तक हो । आदिकवि भानुभक्त आचार्यको भाषिक विशेषता, कवि हृदय, कला सौन्दर्य, अभिव्यक्ति सामर्थ्य, वैचारिक गुणसमेत मौलिकता र प्रतिभाको पहिचान र ठम्याइ छ, यो नै मोतीराम भट्टको आलोचकीय दृष्टिकोण हो (प्रधान, २०५२, पृ. ८) । यस *कवि भानुभक्तको जीवनचरित्र* नामक पुस्तकले भानुभक्त आचार्यको कवित्व र कलात्मक सौन्दर्यको मूल्याङ्कन प्रस्तुत गरेको छ । यस कृतिले कवि भानुभक्तलाई आदिकविका रूपमा चिनाएको छ । त्यसैले यो कृति समालोचनाको पहिलो पुस्तक हुनुका साथै खोज अनुसन्धानपरक समालोचनाको पनि प्रथम कृति मान्नु पर्छ । यसरी मोतीराम भट्ट नै खोज अनुसन्धानपरक समालोचकका रूपमा पनि देखा पर्छन् ।

मोतीराम भट्टले कविका बारेमा आलोचनात्मक ढङ्गले *कवि भानुभक्तको जीवनचरित्र*मा लेखेका छन्- "कवि दुई प्रकारका हुन्छन् । पहिला स्वाभाविक अथवा सहज कवि, दोस्रो संसर्गी अर्थात् कृत्रिम कवि । स्वाभाविक कविको बराबर कृत्रिम कवि कदापि हुनसक्दैन । सहज कविका कविताका बराबर संसर्गी कविता कहिल्यै पनि हुन्न" (भट्ट, २०३८, पृ. २४) । भट्टले कविका बारेमा मात्रै होइन, कविताका बारेमा पनि आफ्नो विचार प्रस्तुत गरेका छन् । सहज कवितामा अर्थ र शब्दको अलङ्कार सरासर देखिन्छ जो सहज कवि छ उसले कविता गर्दा लेख्न हुने नहुने कुराकै विचार राख्दैन अर्थात् कसैको तारिफ गरी लेख्नुपऱ्यो भने गुणदोष बराबर लेखिदिन्छ । कसैको प्रवाह मान्दैन । यस्तो कविता गरे ज्यान जाला भन्ने भय कत्ति मनमा मान्दैन (भट्ट, २०३८, पृ.२४) । यसरी मोतीरामले कविता मान्यताभित्र भानुभक्तलाई जाँचेका छन् । लेख्दैमा कविता बन्दैन । कविता बनाउन खोज्दा पनि बन्दैन । कविता त सहज भावबाट निस्कन्छ । सहज कवि नै वास्तविक कवि हो । सहज कवि निडर, निर्भीक हुन्छ । भावनाहरूलाई सहज रूपमा पोख्न सक्छ । यसरी सहज कविका रूपमा भानुभक्तलाई उभ्याउनु र आदिकवि मान्नु निश्चितै रूपमा महत्त्वपूर्ण काम हो ।

मोतीराम भट्टको आलोचना शैलीमा दुई परम्परा अर्थात्, पूर्वीय र पाश्चात्यको सापेक्षिक समन्वय भएको पाइन्छ । मोतीराम भट्टमा पाश्चात्य आलोचना प्रणालीको प्रभाव भए तापनि पाश्चात्य प्रेरणा र पूर्वीय सिद्धान्तको समन्वय नै मोतीराम भट्टको आलोचना शैलीको मूल विशेषता हो । नवीनताको धरातलमा उभिएर मोतीरामले आफ्नै संस्कृतिको गन्धलाई विशेष महत्त्व दिई भानुभक्त आचार्यलाई आदिकविका रूपमा प्रतिष्ठित गर्दै उनको सम्पूर्ण साहित्य साधनाकै परिचय दिने पवित्र उद्देश्य लिई उनले *कवि भानुभक्तको जीवनचरित्र* लेखे (श्रेष्ठ, २०४८, पृ. ५२) । मोतीराम भट्टलाई भानुभक्त अगाडि र समकालीन कविहरूका बारेमा थाहा हुँदाहुँदै पनि उनले भानुभक्तलाई आदिकवि माने । जुन कविको रचनामा वास्तविक कवित्व प्रस्ट हुन्छ त्यही सहज कवि हो । असल, सहज स्वाभाविक कविसँग कृत्रिम र संसर्गी कविको तुलना गरेर नै आदिकवि भानुभक्तलाई मानिएको छ ।

## समालोचनात्मक दृष्टिले *कवि भानुभक्तको जीवनचरित्र*

समालोचना गर्ने परम्पराको विकास साहित्य सृजनापछि मात्रै आरम्भ भएको हो । कसैले आफै सिद्धान्त प्रतिपादन गर्छन्, कसैले संस्कृत काव्यशास्त्रका मान्यतालाई आत्मसात् गर्छन्, कसैले पाश्चात्य साहित्य चिन्तनलाई आधार मानेर समालोचना गर्दछन् । समालोचना के हो ? यसको शास्त्रीय व्याख्या विभिन्न कोणबाट गर्न सकिएला तर जुनसुकै कोणबाट व्याख्या गरिए पनि साहित्यिक रचनाको आस्वादन र विश्लेषण गर्ने व्यावहारिक पद्धतिलाई नअँगालिएसम्म समालोचनाले आफ्नो आकार ग्रहण गर्न सक्दैन ( पराजुली, २०६४, पृ. ञ) । साहित्य सृजनाका आधारहरू र हेर्ने दृष्टिकोणका आधारमा समालोचना गर्ने प्रचलन छ । समयक्रममा आवश्यकता अनुसार विभिन्न सिद्धान्तहरूको जन्म हुन्छ । साहित्यलाई हेर्ने दृष्टिकोणमा प्रस्टता नभएका खण्डमा समालोचना सही हुनसक्दैन । प्रचलित मूल्यमान्यतामा आधारित शास्त्रीय निर्देशनका आधारमा हुने समालोचनाले सामाजिक र साहित्यिक स्वीकृति प्राप्त गर्नसक्छ । मोतीराम भट्टदेखि ईश्वर बरालपूर्वको समयावधिमा केवल समालोचनाका प्रायोगिक रूप मात्र देखापरेका थिएनन्, सैद्धान्तिक आधार बनाउन प्रयत्न पनि भएका थिए (पराजुली, २०६४, पृ. ड) । नेपाली समालोचनाका आरम्भकर्ता मोतीराम भट्टले शास्त्र निर्माण र स्थापित मान्यताहरूको अंशतः प्रयोग गरेर समालोचना गरेको तथ्य भेटिन्छ ।

आदि समालोचक मोतीराम भट्टका *कविता लक्षण, कवि समूह वर्णनम्, अनुप्रास मञ्जरी, कविताको सराजाम* जस्ता कृतिहरूले पनि समालोचना र साहित्यिक मान्यताका बारेमा सङ्केत गरेका छन् । स्रष्टा र द्रष्टा व्यक्तित्व मोतीराम भट्टको काव्यशास्त्र निर्माणमा पनि योगदान रहेको छ । सचेत रूपमा साहित्य शास्त्र लेखनको आरम्भ गर्ने चिन्तक मोतीराम भट्ट छोटो उमेरदेखि नै साहित्य साधना गर्ने प्रतिभा हुन् ( सुवेदी, २०६८, पृ. ९३) । साहित्य शास्त्रसमेत निर्माण गर्ने भट्टका बारेमा विभिन्न विद्वान्हरूले आआफ्ना धारणाहरू प्रस्तुत गरेका छन् । आफ्ना कृतिहरूमा उनले साहित्य आलोचनासम्बन्धी आफ्नो धारणा र सिद्धान्त संस्कृतका लक्षणग्रन्थहरूमा नै मूलतः आधारित हुनु कुनै अस्वाभाविक कुरा होइन (श्रेष्ठ, २०६४, पृ. ३) । भट्टले समूह बनाएर, देश विदेश घुमेर आफ्नो चिन्तनको धारातल फराकिलो बनाएको देखिन्छ । नेपाली साहित्यको स्तरीय समालोचना हुनुपर्छ भन्ने आधारमा नै भट्टले निश्चित मान्यताहरूको तर्जुमा गरेको कुरालाई तथ्यहरूले पुष्टि गरेका छन् । मोतीराम भट्टमा पाश्चात्य आलोचना प्रणालीको केही प्रभाव भए तापनि आलोचना गर्ने मूल आधार चाहिँ पूर्वीय सिद्धान्तको समन्वय नै हो र यही उनको मूल विशेषता हो (थेगिम, सन् १९९२, पृ. १४३) । यसरी मोतीराम भट्टको साहित्यशास्त्री चिन्तनको मूल्याङ्कन गर्दा स्वयम् आफैँले निर्धारण गरेका काव्यशास्त्रका आधारहरूको प्रयोग गरेको, संस्कृत काव्यशास्त्रीय मान्यताहरूको केही आत्मसात् गरेको र पाश्चात्य साहित्य चिन्तनलाई समेत लिइएको तथ्य फेला पर्दछ । उनको समालोचकीय दृष्टिको प्रयोगले संस्कृत काव्यशास्त्रीय मान्यताले आंशिक आधार प्रदान गरेको देखिन्छ ।

समालोचक मोतीराम भट्टले कवितामार्फत नै कविताका तत्त्व र सौन्दर्यको पारख गरेका छन् । त्यस्ता तेह्र ओटा आवश्यक तत्त्वहरूको बुँदागत निक्र्योल समालोचक राजेन्द्र सुवेदीले *नेपाली समालोचना : परम्परा र प्रवृत्ति* (२०६८) पुस्तकमा यसरी गरेका छन् :

> कविताका आन्तरिक तत्त्वहरूः १.कविको उमेर बिस वर्षको चार वर्ष वर र चार वर्ष परसम्मको सीमामा रहे उत्तम, २.अध्यावसायबाट परिमार्जित बुद्धिको आवश्यकता, ३.शब्दकोश, कथा र काव्य कविताहरूको गहन अध्ययन, ४.छन्दशास्त्रको गम्भीर अध्ययन र ज्ञान, ५.प्रतिभाको प्रेरणा देवी मानिने सरस्वतीको आराधना, ६.भाषा र शैली परिमार्जित गर्न सक्ने क्षमता । कविताका बाह्य तत्त्वहरूः १.खान लाउन पुग्ने सम्पत्तिको आवश्यकता, २.देश देशान्तरको भ्रमण गर्ने सुविधायुक्त अवसर र साधनको उपलब्धता, ३.कविले सृजना गर्ने समयमा रहने सफासुग्घर र मुक्त ठाउँ, ४.सानो तर आरामदायी र सुसज्जित एवम् सुविधायुक्त कोठा, ५.एकान्त र शान्त वातावरण रहेको स्थान, ६.सुगन्धपूर्ण प्रसाधनहरूको उपलब्धता, ७. पुस्तक, कागज, कलम र मसीजस्ता उपकरणको सुलभता (पृ. ९४) ।

मोतीराम भट्टले कुनै आधारविना समालोचना सम्भव छैन भन्ने तथ्यलाई स्वीकार गरेका छन् । त्यसैका लागि सर्वप्रथम उनले यस्तो कविता मात्रै श्रेष्ठ हुनसक्छ भनेर कविताका तत्त्व प्रस्तुत गरेका हुन् । भट्टले यही आधारको प्रयोग *कवि भानुभक्तको जीवनचरित्र* नामक प्रथम समालोचना कृतिमा गरेका छन् । भानुभक्तको मूल्याङ्कन गर्ने क्रममाः १, सहज कवि, २. गुणदोष समान रूपमा प्रस्तुत गरिदिने कवि, ३. अभ्यस्त भएर सृजना गर्ने व्युत्पत्तिशील कवि, ४. दिनमा ६० पद्यसम्म सृजना गर्न सक्ने कवि, ५. नेपाली भाषामा अद्वितीय कविता सृजना गर्ने कवि, ६. भक्तिरसका न भूत न भविष्यत् अर्थात् अभूतपूर्व कविता सृजना गर्ने कवि (सुवेदी, २०६८, पृ. ९५) भनेर उल्लेख गरेका छन् । समालोचनाका लागि शास्त्रीय आधारको आवश्यकता महसुस गर्नु नै भट्टको उच्च चिन्तन हो भने त्यसलाई व्यावहारिक रूप दिनु उनको बौद्धिक योगदान हो ।

भाषा, साहित्यका अध्येता एवम् ज्ञाता मोतीराम भट्टले नै सर्वप्रथम नेपाली वाङ्मयतर्फ दृष्टि दिए र भानुभक्तको चिनारी गराए । मोतीराम भट्टले कसैको डर नमानी आफ्नो अन्तरात्माले देखेको कुरा निर्धक्कसित अर्थ र शब्दको अलङ्कार अर्थात् सुन्दर शैलीमा अभिव्यक्त गर्ने कविलाई स्वाभाविक वा सहज कविको नाम दिएका छन् (श्रेष्ठ, २०६४, पृ. ६) । भट्टले परम्परालाई नयाँ गोरेटो प्रदान गर्ने कार्यमा पनि योगदान पुऱ्याएका छन् । चाहे विधाशास्त्रीय कुरा गरेर होस्, चाहे तुलना गर्ने र निर्णय दिने कुरामै किन नहोस् हरेक क्षेत्रमा भट्टको उच्च सतर्कता देखिन्छ । स्रष्टा र द्रष्टा दुबै व्यक्तित्वका धनी भट्टले वीररस र भक्तिरसको मात्र एकछत्र राज्य रहेको तत्कालीन नेपाली साहित्यमा उनले शृङ्गाररस (प्रेम र काम वासनाका भावना) लाई समेत कविता र गजलमा स्थान दिए (श्रेष्ठ, २०६४, पृ. ६) । नेपाली समालोचना परम्परालाई विशेष ढङ्गले विकास गर्न भट्टले योगदान पुऱ्याएका छन्, जसका कारण नेपाली साहित्य सृजना र समालोचनामा संस्कृत काव्यशास्त्रीय प्रभावलाई विस्तार गर्न मदत पुगेको देखिन्छ । कवितामार्फत पनि साहित्यशास्त्रीय दृष्टिकोण प्रस्तुत गर्नसक्ने भट्टले समालोचनात्मक चिन्तनका कृतिहरू पनि लेखेका छन् । मोतीराम भटट्ले *अनुप्रास मञ्जरी* र *रस चन्द्रोदय वर्णन* नामक कृति तयार पारेका थिए भन्ने सूचना प्राप्त छ । अघिल्लोले अलङ्कार शास्त्रको सङ्केत गर्छ भने पछिल्लो रस सिद्धान्तबारे लक्षित छ परन्तु कृति अनुपलब्ध रहेकाले मोतीराम भट्टको सौन्दर्य चेतनाका बृहत् आयामबारे समीक्षा र मूल्याङ्कन गर्न कठिन पर्दछ (सुवेदी, २०६८, पृ. ९७) । प्रकाशित कृतिहरूका आधारमै पनि भट्टको समालोचकीय उच्च व्यक्तित्वको मूल्याङ्कन गर्न सकिन्छ । भट्टको *मनोद्वेग प्रवाह* (१९५७) मा संस्कृत काव्यशास्त्रबारे रसवादलाई महत्त्वका साथ प्रस्तुत गरिएको छ :

श्रृंगाऱ्हो नवरस् विसे अति असल् सो जानि मैले त्रहाँ

त्यो रस्लाइ प्रधान मानि मनमा लेख्याँ म छोड्थ्याँ कहाँ । (पृ.७७)

यसले भट्टको रसप्रतिको जानकारीलाई अवगत गराउनुका साथै रसको महत्त्व बुझेको समेत अनुभूत हुन्छ । उनको साहित्यशास्त्रीय चिन्तन पूर्वीय सिद्धान्तकै अनुरूप देखिन्छ । मुख्य कुरा त के हो भने उनले तत्कालीन नेपालमा जब्बर जरा गाडेर उभिएको संस्कृताभिमुख सङ्कुचित सीमा बन्धनलाई तोडेर फारसी र अरू अङ्ग्रेजी साहित्यको समेत अध्ययनबाट अभिप्रेरित भई नेपालीमा पनि आधुनिक साहित्यालोचनाको सशक्त परम्परा बसाएका थिए (श्रेष्ठ, २०६४, पृ.९) । यस्ता तथ्यहरूले मोतीराम भट्टको समालोचनामा संस्कृत काव्यशास्त्रका प्रभावलाई प्रस्ट पार्दछन् । अलङ्कार र रसका आधारमा समालोचना गर्ने भट्टले साहित्य सृजनाका तत्वहरू प्रतिभा, व्युत्पत्ति र अभ्यासका साथै घुमाउरो पाराले समाधिसम्मको आधारलाई आत्मसात् गरेको कुरा गर्नुपर्छ भन्ने निर्देशन गरेबाट उनको शास्त्रीय धरातल प्रस्ट हुन्छ । कतै कतै पाश्चात्य साहित्यशास्त्रीय मान्यतालाई पनि समालोचनामा स्थान दिने हुनाले मोतीराम भट्टमा संस्कृत काव्यशास्त्रको आंशिक प्रभाव परेको कुरा पुष्टि हुन्छ ।

## काव्यशास्त्रीय दृष्टिले *कवि भानुभक्तको जीवनचरित्र*

नेपाली समालोचनाको प्रायोगिक परम्परामा रसवादको प्रयोग भएको कृतिको खोजी गर्दा आदि नेपाली समालोचक मोतीराम भट्टको *कवि भानुभक्तको जीवनचरित्र*सम्म पुग्न सकिन्छ । जीवनी खण्ड र समालोचना खण्ड रहेको यस कृतिमा मोतीरामले भानुभक्तको कवित्वको चर्चा गरेका छन् । चर्चा गर्दा रसको आधारमा यस्तो अभिव्यक्ति दिएको देखिन्छ : “भानुभक्तका शृङ्गारका कविता धेरै कम्ती देखेको होला तर यसले भानुभक्तलाई जस्तो करुण रसमा लेख्ने तागत् थियो । त्यस्तै शृङ्गार रसमा पनि लेख्न सक्तथे” (भट्ट, २०३८, पृ. ११) । यस भनाइले भानुभक्तका कवितामा पाइने विभिन्न रसहरूको अवस्थाको जानकारी दिएको छ ।

*कवि भानुभक्तको जीवनचरित्र*मा करुण रस र शृङ्गार रसको लक्षणका बारेमा पनि चर्चा गरिएको छ । त्यसैगरी विवेचनाका क्रममा भट्टले अगाडि लेखेका छन् : “आजतक हाम्रा, गोर्खा भाषामा कमसेकम शृङ्गारका ५००० श्लोक बनेका छन् । तर यो श्लोकको बराबर अर्थको चमत्कार भएको श्लोक मैले त देखेको छैन” (भट्ट, २०३८, पृ. २७) । यस अंशले मोतीराम कविताका समालोचक हुन् भन्ने कुरालाई देखाएको छ । समकालीन कविका बारेमा भट्टले आफ्नो दृष्टिकोण निर्माण गरेको कुरालाई बुझ्न सकिन्छ । भट्टले अझै अगाडि लेखेका छन् : “भक्तिरसमा त अब उप्रान्त पनि भानुभक्तका बराबर कौनै कवि पनि हुन सक्दैनन् भन्ने मेरा मनमा लाग्छ तर पनि ईश्वरको सृष्टि हो; भइगये भने पनि इनीका बराबरै हुनन्; इनीभन्दा बढ्ता पक्का कोई पनि हुने छैनन् भनी ठोकी लेखी दिन्ने” (भट्ट, २०३८, पृ. २७) । यी माथिका दृष्टान्तहरूबाट मोतीराम भट्टलाई संस्कृत काव्यशास्त्रीय मान्यताको आधारभूत ज्ञान भएको देखिन्छ । यसबाट भट्टले रसवादलाई आधार मानेर भानुभक्तको कवित्वको सामर्थ्य र योगदानको आकलन गरेको तथ्य स्पष्ट हुन्छ । मोतीराम भट्टले आदिकवि भानुभक्तको कवित्वको विवेचना गर्दा विभिन्न ठाउँमा रसवादको आधार लिएको देखिन्छ । यी र यस्ता तथ्यहरूले भट्टको रसबारेको जानकारी र विवेचना गर्ने संस्कृत काव्यशास्त्रीय आधारबाट हेर्दा उनमा संस्कृत काव्यशास्त्रीय मान्यताको प्रभावलाई बुझ्न सकिन्छ ।

भट्टका समालोचनामा अलङ्कारवाद प्रायोगिक समालोचनाको प्रयोग पनि राम्रैसँग परेको उनको भानुभक्तसम्बद्ध समालोचनाले सङ्केत गरेको छ । जीवनी खण्ड र समालोचना खण्ड रहेको यस कृतिमा मोतीरामले भानुभक्तको कवित्वको चर्चा गरेका छन् । चर्चा गर्दा अलङ्कारका आधारमा अभिमत प्रकट गरेको देखिन्छ : “अर्थको चमत्कार र शब्दको अलङ्कार कवि भानुभक्ताचार्यको अपार् छ” (भट्ट, २०३८,

पृ. १२) । यस भनाइबाट भट्टलाई संस्कृत काव्यशास्त्रीय मान्यताको आधारभूत ज्ञान भएको देखिन्छ । त्यसैले भट्टले अलङ्कारलाई आधार मानेर भानुभक्तको कवित्वको सामर्थ्य र योगदानको आँकलन गरेको तथ्य स्पष्ट हुन्छ । मोतीराम भट्टले आदिकवि भानुभक्तको कवित्वको विवेचना गर्दा विभिन्न ठाउँमा अलङ्कारको आड लिएको देखिन्छ । यी र यस्ता तथ्यहरूले भट्टको अलङ्कारको जानकारी र समालोचना गर्ने आधार बनाउने प्रवृत्तिबाट संस्कृत काव्यशास्त्रीय मान्यताको प्रभावलाई देख्न सकिन्छ ।

'कवि भानुभक्ताचार्यको कविता शक्ति, स्वभाव इत्यादि वर्णन्' शीर्षक अन्तर्गत पनि मोतीराम भट्टले अलङ्कारका आधारमा विवेचना गरेका छन् । भट्टले लेखेका छन् : "सहज कविका कवितामा बराबर संसर्गी कविता कहिल्यै पनि हुन्न । सहज कवितामा अर्थ र शब्दको अलङ्कार सरासर देखिन्छ" ( भट्ट, २०३८, पृ. २४) । अलङ्कारवादको ज्ञान भएकै कारणले भट्टले विवेचनामा अलङ्कारको जिकिर गरेका हुन् । यस तथ्यले सहज कविका कवितामा अलङ्कार निर्माण हुने र कविताको ओजलाई बढाइदिने आशय लुकेको देखिन्छ । भानुभक्तका कवितामा अलङ्कारको पहिचान गर्ने मोतीरामलाई अलङ्कारको आधारभूत ज्ञान भएको देखिन्छ ।

## निष्कर्ष

मोतीराम भट्टलाई प्रतिभाशाली बहुमुखी व्यक्तित्व मानिन्छ । उनमा समालोचना गर्ने प्रशस्त क्षमता भएको प्रमाणित हुन्छ । भानुभक्तलाई सहज कविका रूपमा परिचय दिएर आदिकवि मान्नु र भन्नु मोतीरामको निर्णयात्मक सामर्थ्य हो । यसरी मोतीराम भट्टका समालोचनागत विशेषताहरूमा निर्णयात्मक र थोरै प्रभावात्मकता पनि पर्दछन् । भट्टले कवि भानुभक्तको काव्यगत दृष्टिकोणलाई खुलस्त पारेका छन् । उनको कवित्वको मूल्याङ्कन गरेका छन् । यिनै कुराले भट्टको आलोचकीय क्षमता छर्लङ्ग भएको छ । भट्ट नेपाली समालोचनाको प्रारम्भकर्ता हुन् । *कवि भानुभक्तको जीवनचरित्र* पहिलो समालोचना कृति हो । त्यसैगरी खोज अनुसन्धानपरक समालोचनाको पनि मोतीराम प्रारम्भकर्ता नै हुन् । संस्कृत काव्यशास्त्रको आधारमा समेत भानुभक्तलाई सार्वजनिक रूपमा चिनाएको छ । यस कारण शास्त्रीय आधारमा समालोचना गर्ने प्रथम व्यक्तित्व पनि मोतीराम भट्ट नै हुन् । मोतीराम भट्टको समालोचना कृति *कवि भानुभक्तको जीवनचरित्र*बाट समालोचनाका आधारहरू प्रस्ट हुन्छन् । यही समालोचना कृतिले मोतीरामलाई संस्कृत काव्यशास्त्रीय आधारमा समालोचना गर्ने समालोचकको हैसियत प्रदान गरेको छ । यस्ता व्यक्तित्वका धनी भट्टले सचेत रूपमा साहित्य शास्त्र लेखनको पनि आरम्भ गरेको भेटिन्छ । उनले आफै साहित्य शास्त्र तयार गर्ने, संस्कृत काव्यशास्त्रको प्रेरणा लिने र पाश्चात्य साहित्य चिन्तनको प्रभावसमेत ग्रहण गर्ने गरेका तथ्यहरू उनका सृजना र समालोचनाले पुष्टि गर्दछन् । भट्टले संस्कृत काव्यशास्त्रीय मान्यताका काव्य सृजनाका तत्वहरू प्रतिभा, व्युत्पत्ति र अभ्यास साथै समाधिसमेतको चर्चा र ख्याल गरेका छन् । सहज कविमा अलङ्कारको अर्थ र शब्दको सम्बन्ध सहज अभिव्यक्त हुने उल्लेख गरेर अलङ्कारलाई आधार मानेको पुष्टि हुन्छ । त्यसैगरी उनले आदिकवि भानुभक्त आचार्यको कवित्वको विवेचना गर्दा विभिन्न ठाउँमा रसवादको आधार लिइएको देखिन्छ । यी र यस्ता तथ्यहरूले भट्टको रसको जानकारी र समालोचना गर्ने प्रवृत्तिबाट संस्कृत काव्यशास्त्रीय मान्यताको प्रभावलाई देख्न सकिन्छ । उनको समालोचना कृति *कवि भानुभक्तको जीवनचरित्र*बाट समालोचनाका आधारहरू प्रस्ट हुन्छन् । संस्कृत काव्यशास्त्रको आंशिक प्रयोग गर्ने नेपाली समालोचना परम्परामा आदि समालोचक, साहित्यशास्त्री मोतीराम भट्टको समालोचना गर्ने काव्यशास्त्रीय दृष्टिकोण र प्रयोग दुवै कुरा स्पष्टसँग प्रकट भएको समालोचना कृति *कवि भानुभक्तको जीवनचरित्र*को स्थान उच्च रहेको छ ।

## सन्दर्भसूची

काणे, पी.वी. (सन् २०१५). *संस्कृत काव्यशास्त्र का इतिहास.* मोतीलाल बनारसीदास ।

थापा, हिमांशु (२०५०). *साहित्य परिचय.* (चौथो संस्क). साझा प्रकाशन ।

थेगिम, शोभाकान्ति (सन् १९९२). *नेपाली समालोचनाको परम्परा: मूल्याङ्कन तथा विश्लेषण.* सौरभ प्रकाशन ।

पराजुली, कृष्णप्रसाद (२०६६). *पन्ध्र तारा र नेपाली साहित्य.* साझा प्रकाशन ।

पराजुली, ठाकुर. (२०६४). 'नेपाली समालोचना र कृष्णप्रकाश श्रेष्ठका अनुशीलन'. *नेपाली समालोचक र समालोचना.* (द्वितीय संस्क). साझा प्रकाशन ।

पाण्डेय, नरदेव (१९९५). *कविवर मोतीराम भट्ट सचित्र जीवनचरित्र.* पं. नरदेव शर्मा ।

प्रधान, कृष्णचन्द्रसिंह (सम्पा.) (२०५२). *साझा समालोचना.* (चौथो.संस्क.). साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२). *कृति अवलोकन.* साझा प्रकाशन ।

प्रधान, भाइचन्द्र (सन् १९५२). *आदिकवि भानुभक्त आचार्य.* रत्नकुमार प्रधान ।

भट्ट, मोतीराम (२०३८). *कवि भानुभक्तको जीवनचरित्र.* साझा प्रकाशन ।

भट्टराई, घटराज र शर्मा, शरच्चन्द्र (२०४९). *आदिकवि भानुभक्तको जीवनचरित्र.* अविनाश श्रेष्ठ नीहार प्रकाशन गृह ।

भरत (२०२९). *नाट्यशास्त्रम् भाग १.* (हि. व्या. बाबुलाल शुक्ल).चौखम्बा संस्कृत सिरिज अफिस ।

शर्मा, गोपीकृष्ण (२०५६). *संस्कृत साहित्यको रूपरेखा.* (द्वितीय.संस्क.).अभिनव प्रकाशन ।

श्रेष्ठ, कृष्णप्रकाश (२०६४). *नेपाली समालोचक र समालोचना.* (द्वितीय संस्क.). साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (२०४०).नेपाली साहित्यको सङ्क्षिप्त इतिहास.(द्वितीय संस्क.). साझा प्रकाशन ।

सहाय, राजवंश (सन् २००२). संस्कृत साहित्य कोश.(चौथो संस्क.).चौखम्बा सुरभारती प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६८).*नेपाली समालोचना : परम्परा र प्रवृत्ति.* (द्वितीय संस्क.). पाठ्यसामग्री प्रकाशन ।

सुवेदी, राजेन्द्र र गौतम, लक्ष्मण (२०६८).*रत्न बृहत् समालोचना* (सैद्धान्तिक खण्ड). रत्न पुस्तक भण्डार ।

हंस, कृष्णलाल (सन् १९७५). *समीक्षाशास्त्र.* रामवाग प्रकाशन ।